**Himalayan Distillery Ltd.**
Birgunj, Parsa

ISO 9001 · ISO 22000 · ISO 14001 · OHSAS 18001 · GMP

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## आ. ब. २०७७/७८ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०७७ कार्तिक, मंसिर र पौष )

### १. वित्तीय विवरणः

क. यस कम्पनीको आर्थिक वर्ष २०७७/७८ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्वन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निश्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरुः

| | |
|---|---|
| १. प्रति शेयर आम्दानीः | *रु. ९१.६६ |
| २. पी. ई. अनुपातः | रु. ४७.१३ |
| ३. प्रति शेयर नेट वर्थः | रु. १५६.८३ |
| ४. प्रति शेयर कुल सम्पतिको अनुपातः | रु. १६०.३५ |
| ५. तरलता अनुपातः | १.५७ |

*प्रति शेयर आम्दानी अनुपात annualized गरिएको । गत आ.व. सम्मको मुनाफाबाट पारित वोनस शेयर नियामक निकायबाट स्विकृत भई सूचिकरणको प्रकृयामा  रहेको । कम्पनीले सो लाई लेखाङ्कन समेत गरेको ।

### २. व्यवस्थापकीय विश्लेषणः

क. कम्पनीले उत्पादन गरेका Golden Oak र Black Oak नामक मदिराहरु उपभोक्ताहरुको अत्याधिक रोजाईमा परेको सर्वविदितै छ । उपभोक्ताहरुको चाहनालाई ध्यानमा राखी कम्पनी व्यवस्थापनले अर्को नयाँ ब्राण्डको मदिराको पनि निकट भविष्यमै व्यवसायिक उत्पादन गर्ने लक्ष्यका साथ आवश्यक कार्य अगाडी बढाएको छ ।

ख. विश्व भरी फैलिएको कोभिड–१९ को महामारीले अझै पनि सम्पूर्ण विश्वका साथसाथै हाम्रो देश पनि प्रत्यक्ष प्रभावमा परिरहेको अवस्थामा यस कम्पनीको व्यवस्थापनको उच्च सतर्कता तथा कुशल व्यवस्थापनबाट कम्पनीको कारोवार रकममा गत वर्षको यसै अवधिको भन्दा उल्लेखिय रुपमा वृद्धि हुन गएको छ । साथै यस कोभिड–१९ को माहामारीले पारेको प्रभाव अव आउने दिनहरुमा घट्न गई  कम्पनीको कारोबारमा सकारात्मक प्रभाव पर्ने आँकलन समेत गरेका छौं ।

ग. कम्पनीको विक्री बढ्न गएकोले विक्री तथा वितरण खर्चमा समेत केहि वृद्धि हुन पुगेको भएता पनि प्रशासनिक खर्च तर्फ केहि मितव्ययिता अपनाउन सफल भएका छौं ।

घ. कामदार तथा कर्मचारीहरुको व्यवसाय जन्य स्वास्थ्य तथा सुरक्षाको हितलाई मध्यनजर गरी साविकमा कम्पनीले प्राप्त गरेको Occupational Health and Safety सम्वन्धि BS 18001: 2007 लाई upgrade गरी ISO 45001: 2018 प्रमाण पत्र प्राप्त गरेका छौं । यसै गरी Food Safety Management System 2005 बाट 2018 मा upgrade  भएका छौं । साथै औद्योगिक वातावरणलाई समेत मध्यनजर गर्दै Green Building Certificate को Silver Ranking बाट Gold Ranking प्राप्त गर्न सफल भएका छौं । उल्लेखित कार्यबाट उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुको व्यवसाय जन्य स्वास्थ्य सुरक्षा प्रति सजगता र उत्पादित वस्तुको गुणस्तरप्रति उपभोक्ताहरुमा सकारात्मक प्रभाव पर्ने अपेक्षा कम्पनीले लिएको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरणः

क. यस कम्पनीले आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफाको व्यवस्था उपर आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष पूर्वादेशको लागि निवेदन गरेकोमा महानिर्देशकबाट प्राप्त पूर्वादेश उपर श्री राजश्व न्यायधिकरण, काठमाण्डौंमा पुनरावेदन गरिएको छ ।

ख. श्रम अदालत काठमाण्डौंमा केहि व्यक्ति उपरको मुद्धामा सम्वन्धित निवेदकहरु उपर जिल्ला अदालत, पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायरा गरेकोमा सो विवादमा सम्मानित जिल्ला अदालत पर्साबाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएको उपर कम्पनीले पुनरावेदन गरेको र सम्मानीत अदालतमा विचाराधिन अवस्थामा रहेको साथै सोही संग सम्वन्धित श्रम अदालत काठमाण्डौंमा रहेको मुद्धा समेत विचाराधिन अवस्थामा नै रहेको छ ।

ग. २०६८ श्रावण को मु.अ.कर सम्वन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२।०७३ को आय विवरण उपर ठूला करदाता कार्यालयबाट कर परिक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्वन्धी विषयमा चित्त नवुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

घ. कम्पनीको नाममा दर्ता भएको Golden Oak  ट्रेडमार्क नक्कल गरिएको सम्वन्धमा उद्योग विभागवाट भएका केहि निर्णय उपर उच्च अदालत पाटनमा पुनरावेदन गरेका छौं ।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोबार सम्बन्धी विवरणः

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस दोस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोबार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः .www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम मूल्यः | रु. ५,६०७.०० |
| न्यूनतम मूल्यः | रु. १,८१०.०० |

### ५. समस्या तथा चुनौतीः

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. कोभिड–१९ को महामारीको न्यूनिकरण सगैं विस्तारै वजारहरु खुल्दै गएको भएता पनि  उपभोक्ताहरुको आय श्रोतमा आएको ह्रास र अझै महामारीको भयका कारणबाट मदिरा विक्री वितरण प्रभावित भई रहेको छ ।

ख. यस प्रतिष्ठानले उत्पादन गरि रहेको र वजारमा उपभोक्ताले वढि रुचाएको Golden Oak नामक व्राण्डको मदिराको विक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि वजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ति र कम गुणस्तरको मदिरा उत्पादन गरि विक्री वितरण गर्ने कार्य जारी नै रहेको छ । यसबाट उपभोग्ताको रोजाईमा परेको Golden Oak को ख्यातिमा असर पर्ने देखिन्छ । साथै कम्पनीको ट्रेडमार्क अंकित वोतलहरु प्रयोग गर्ने, सक्कली Golden Oak जस्तै लेवल बनाई विभिन्न नाम दिई उत्पादन गरी कम शक्ति र कम गुणस्तरको मदिरा विक्री वितरण गर्ने कार्यले निरन्तरता पाउने हो भने कम्पनीका उल्लेखित व्राण्डहरुको पहिचान यथावत रुपमा राख्नका थप चुनौति थपिएको छ । यस्तो कार्यले निरन्तरता पाउने हो भने  नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा पनि प्रभाव पर्ने देखिन्छ ।

ग. कारखानामा काम गर्ने श्रमिकहरुले विभिन्न मागहरु राखी कम्पनी व्यवस्थापन समक्ष सामुहिक माग दावी प्राप्त भएको छ । सो उपर निजहरु संग छलफल भई रहेको छ ।

### ६. संस्थागत सुशासनः

आन्तरिक लेखा परिक्षकको कार्यलाई मजबुत एवं व्यवस्थित बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परिक्षक नियुक्ति गरी लेखा परीक्षण गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा लागि परेका छौं । उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरु संगको सम्वन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था  सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं । साथै संचालक समितिका सदस्यहरुलाई आउने त्रैमासिक अवधिमा संस्थागत सुशासन सम्वन्धी पुर्नताजगी कार्यक्रम अन्तर्गत विशेष तालिम आयोजना गर्न लागिएको छ ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहान्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सु–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

**Provisional Statement of Financial Position as on 29th Poush, 2077 (2nd Quarter)**

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 536,981,485 | 546,608,881 | 586,183,039 |
| Capital Work in Progress | - | - | - |
| Intangible Assets | 758,323 | 840,005 | 1,134,880 |
| Financial Assets - Advance for investment | 20,000,000 | 22,077,859 | 21,900,050 |
| Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **577,932,950** | **589,719,886** | **629,411,111** |
| **Current Assets** | | | |
| Inventories | 398,527,286 | 323,310,353 | 537,679,039 |
| Financial Assets | | | |
| Trade & Other Receivable | 1,349,196,039 | 887,754,175 | 423,861,739 |
| Cash & Bank Balance | 395,960,907 | 173,152,852 | 15,263,988 |
| Other current assets | 79,387,604 | 51,546,261 | 63,948,136 |
| Non-current assets held for sale | 12,727,970 | 12,727,970 | |
| **Total Current Assets** | **2,235,799,806** | **1,448,491,611** | **1,040,752,902** |
| **Total Assets** | **2,813,732,756** | **2,038,211,497** | **1,670,164,012** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share capital | **867,702,375** | **578,468,250** | **578,468,250** |
| Other equity - Reserve and surplus | 493,144,175 | 862,738,969 | 463,200,621 |
| **Total equity** | **1,360,846,550** | **1,441,207,219** | **1,041,668,871** |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities - Borrowings | 965,210 | 1,469,761 | 4,578,160 |
| Deferred Tax Liabilities | 29,587,436 | 28,525,239 | 28,525,239 |
| **Total Non-Current Liabilities** | **30,552,645** | **29,994,999** | **33,103,399** |
| **Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 501,905,657 | 136,859,109 | 151,945,619 |
| Trade payables | 279,488,718 | 108,295,185 | 198,858,370 |
| Other financial liabilities | 377,457,611 | 100,192,809 | 49,888,751 |
| Other current liabilities | 226,883,497 | 160,675,767 | 182,157,859 |
| Current tax liabilities | 36,598,078 | 60,986,408 | 12,541,144 |
| **Total Current Liabilities** | **1,422,333,561** | **567,009,278** | **595,391,742** |
| **Total Equity & Liabilities** | **2,813,732,756** | **2,038,211,497** | **1,670,164,012** |

**Provisional Statement of Profit or Loss for the Quarter ended as on 29th Poush, 2077 (2nd Quarter)**

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Revenue from Sale of Goods | 1,447,780,564 | 623,368,895 | 1,081,019,254 |
| Less: Cost of Goods Sold | 562,204,095 | 257,464,036 | 464,604,485 |
| Less: Manufacturing Expenses | 23,220,457 | 6,366,297 | 38,996,366 |
| **Gross Profit** | **862,356,013** | **359,538,562** | **577,418,402** |
| Other Operating Income | 56,786,037 | 19,240,421 | 27,918,426 |
| **Total Income from Operations** | **919,142,049** | **378,778,983** | **605,336,828** |
| Employee benefit expenses | 109,234,733 | 48,877,693 | 89,575,092 |
| Administrative Expenses | 61,465,606 | 20,402,840 | 79,631,767 |
| Selling & Distribution Expenses | 183,401,023 | 44,687,405 | 60,646,146 |
| **Operating Profit** | **565,040,687** | **264,811,046** | **375,483,823** |
| Depreciation and Amortization | 23,704,801 | 11,829,748 | 24,553,276 |
| Finance Expenses | 7,579,673 | 1,345,488 | 9,963,419 |
| **Profit Before Tax** | **533,756,213** | **251,635,811** | **340,967,128** |
| Current Tax/Tax Adjustment | 136,107,834 | 64,167,132 | 86,946,618 |
| **Net Profit for the Period** | **397,648,379** | **187,468,679** | **254,020,510** |

**Financial Ratios**

| | | | |
|---|---|---|---|
| *Earning Per Share Ratio: Basic | **91.66** | **129.63** | **87.83** |
| *Earning Per Share Ratio: Diluted | **91.66** | **129.63** | **87.83** |
| Price Earning Ratio: | **47.13** | **13.95** | **14.13** |
| Net Worth Per Share Ratio: | **156.83** | **249.14** | **180.07** |
| Net Assets Per Share Ratio: | **160.35** | **254.33** | **185.80** |
| Liquidity Ratio: | **1.57** | **2.55** | **1.75** |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply the Nepal Financial Reporting Standards

* Earning Per Share has been annualized.